# सहकारीका माध्यमबाट नवीनतम सोंच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावनाः** सहकारी क्षेत्रलाई व्यवसायिक र उद्यमशीलता तर्फ उन्मुख गराउँदै सहकारी मार्फत् सिर्जनशील ढङ्गबाट व्यावसायिक योजनाको लागि नवीनतम सोंच सहितको रोजगारी र उत्पादन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले, प्रदेश नं. ५, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो कार्यविधि तयार गरी लागू गरेको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "सहकारीका माध्यमबाट नवीनतम सोंच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

(३) यो कार्यविधि प्रदेश नं. ५ भर लागू हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यक्रम" भन्नाले सहकारीबाट नवीनतम सोंच सहितको रोजगारी र उत्पादन सम्बन्धी कार्यक्रमलाई सम्झनु पर्छ।

(ख) "नवीनतम सोंच सहितका कार्यक्रम" भन्नाले सहकारीहरुबाट परम्परागत पेशा व्यवसायलाई फरक एवं सिर्जनशील ढङ्गले उत्पादकत्व बढाउने र रोजगारी सिर्जना गर्ने खालका कार्यक्रमलाई सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५ को भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(घ) "विशिष्टीकृत सहकारी संघ" भन्नाले प्रचलित ऐन नियम बमोजिम स्थापना भएको सहकारी संघलाई जनाउँनेछ।

(ङ) "समिति" भन्नाले यस कार्यविधिको दफा ८ अनुसार गठित समितिहरुलाई सम्झनु पर्छ।

(च) "सहकारी संस्था" भन्नाले प्रचलित सहकारी ऐन तथा नियमावली बमोजिम स्थापना भएका विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था, विषयगत

जिल्ला संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत संघ वा प्रदेश सहकारी संघ समेतलाई जनाउनेछ।

३. **उद्देश्य:** यस कार्यक्रमका उद्देश्य देहाय बमोजिम रहेका छन् :-

(क) सहकारी क्षेत्रको पूँजीलाई नवीनतम सोंचका परियोजनामा लगानी गर्न उत्प्रेरित गर्ने,

(ख) सहकारी मार्फत कृषि तथा कृषिजन्य उपज र पशु तथा पशुजन्य बस्तुको उत्पादन, प्रशोधन र बजारीकरणमा टेवा पुर्याउने,

(ग) रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरणमा टेवा पुऱ्याउने,

(घ) नवीनतम सोंच र विधिहरुको प्रयोगबाट कृषि तथा पशुपन्छीजन्य उत्पादनका लागि प्रतिस्पर्धात्मक क्षमताको वृद्धि गरी उत्पादनका निम्ति उत्प्रेरित गर्ने,

(ङ) महिला, ज्येष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति वा अरु कसैसँग रहेको अन्तरनिहित क्षमता वा सिपको सदुपयोग गर्ने वातावरणको सृजना गर्दै रोजगारी सिर्जना गर्ने,

## परिच्छेद– २

## वजेट व्यवस्था र कार्यक्रम सञ्चालन विधि

४. **सूचना प्रकाशन तथा प्रस्ताव आव्हान:** सहकारीका माध्यमबाट नवीनतम सोंच सहितको कार्यक्रम गर्न इच्छुक सहकारी संस्थाका लागि रोजगारी तथा उत्पादन सम्बन्धी नयाँ कार्यक्रम सञ्चालन गर्न योग्यता पुगेका सहकारीबाट प्रस्ताव माग गर्न राष्ट्रिय दैनिक पत्रिकामा अनुसूची-२ को ढाँचामा कम्तिमा ३० दिनको म्याद दिई सूचना प्रकाशित गरिने छ।

५. **आवेदन:** कार्यक्रम सञ्चालनका लागि आवेदन देहायका आधारमा दिन सकिनेछ :-

(क) अनुदान प्राप्तिका लागि प्रदेश नं. ५ भित्रका सहकारी संस्थाहरुले अनुसूचि-४ बमोजिमको ढाँचामा व्यावसायिक योजना सहितको प्रस्ताव अनुसूची-३ को ढाँचामा निवेदन साथ पेश गर्नु पर्नेछ।

(ख) कार्यक्रम सञ्चालन गर्न मन्त्रालयको अधिकतम ५० प्रतिशत र सहकारी संस्थाको कम्तिमा ५० प्रतिशत लगानि साझेदारी गरिनेछ।

(ग) यस कार्यक्रमको लागि छनौट भएका सहकारी संस्थालाई मन्त्रालयले प्रति सहकारी बढीमा २५ लाख लगानी साझेदारी गर्नेछ।

(घ) पूर्वाधार निर्माणमा ३०-६० प्रतिशत, औजार, उपकरण, मेसिनरी तथा अन्य खर्चमा ३०-५० प्रतिशत, उत्पादनमा आधारित सामग्री खरिदको लागि अधिकतम २० प्रतिशत लगानी गर्नु पर्नेछ।

(ङ) आवेदक संस्थाले आफ्नो कार्यक्षेत्र, सदस्य संख्या र कारोवारको अवस्था स्पष्ट खुल्ने कागजात तथा पछिल्लो तीन वर्षको लेखा परीक्षण प्रतिवेदन लगायतका कागजात प्रस्ताव साथ पेश गर्नु पर्नेछ।

तर सहकारी संस्था स्थापना भएको तीन वर्ष नभएको अवस्थामा संस्था स्थापना भएपछिको वार्षिक प्रगति प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ।

(च) कारोवार गर्ने संस्थाको शेयर सदस्य संख्या कम्तिमा तराईको हकमा ३०० र पहाडको हकमा १५० हुनु पर्नेछ।

तर संघको हकमा यो खण्ड लागू हुने छैन।

(छ) संस्थाले कार्यक्रम सञ्चालन गर्ने भए आवेदनका साथ समिति तथा प्रमुख व्यवस्थापकको र सदस्य मार्फत गराउने भए सदस्यहरुको व्यक्तिगत विवरण र अनुसुची-५ बमोजिमको ढाँचामा प्रतिवद्धता-पत्र पेश गर्नु पर्नेछ।

६. <u>संस्थाको छनौटः</u> (१) कार्यक्रम सञ्चालनका लागि छनौट प्रक्रियामा सहभागी हुने संस्थाको विनियममा उत्पादन, प्रशोधन र बजारीकरण वा बहुउद्देश्यीय प्रकृतिका काम गर्ने विषय उल्लेख भएको हुनु पर्नेछ।

(२) प्रस्तावित कार्यक्रम मितव्ययी, उच्च प्रतिफलयुक्त, महिलामैत्री, वातावरणमैत्री, रोजगारमूलक, उत्पादन र उत्पादकत्व बढाउने, नतिजामुखी, सिपमा आधारित हुनुका साथै परम्परागत भन्दा भिन्न प्रकृतिको नवीनतम सोंचमा आधारित हुनु पर्नेछ।

(३) सहकारी संस्थाबाट प्राप्त प्रस्तावको छनौट देहायका आधारमा गरिनेछः-

(क) प्रस्तावकबाट प्राप्त प्रस्तावहरु मूल्याङ्कन तथा सिफारिस समितिबाट अनुसूची-१ मा उल्लेखित मापदण्डको आधारमा प्रारम्भिक छनौट गरिनेछ।

(ख) न्यूनतम योग्यता पूरा गरी कार्यक्रम सञ्चालनका लागि प्रारम्भिक छनौटमा परेका सम्भावित प्रस्तावकहरुको प्राथमिक सूचि छनौट गरी अनुसूची-६ बमोजिमको ढाँचामा स्थलगत अनुगमन गरी त्यसैको आधारमा पुनःमूल्याङ्कन गरिनेछ।

(ग) अनुसूची-८ बमोजिम मूल्याङ्कन तथा सिफारिस समितिले अन्तिम मूल्याङ्कन गर्नेछ।

(घ) मूल्याङ्कन तथा सिफारिस समितिले अङ्कभार सहितको अन्तिम मूल्याङ्कनकका लागि कार्यक्रम व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्नेछ।

(ङ) कार्यक्रम व्यवस्थापन समितिले प्रस्तावित कामको क्षेत्रगत एवम् नवीनतम सोंच तथा प्रविधियुक्त व्यवसायिक योजना, संस्थाको कार्यक्षेत्र, सदस्य संख्या, कारोवारको अवस्था, मौजुदा जनशक्ति, कारोवारले समेट्ने क्षेत्र, कार्यक्रमको दीगोपना, तथा सिफारिस समितिले दिएको अङ्कभार लगायतका आधारमा प्रस्ताव स्वीकृतिका सिफारिस गर्नेछ।

(च) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता ठानेमा मूल्याङ्कन तथा सिफारिस समितिसँग सो सम्वन्धमा थप छलफल गर्न सक्नेछ।

(४) मूल्याङ्कन तथा सिफारिस समिति वा कार्यक्रम व्यवस्थापन समितिले आवश्यक ठानेमा छनौटमा परेको संस्थालाई व्यवसायिक योजनाको प्रस्तुतिको लागि बोलाउन सक्नेछ।

७. **भुक्तानी प्रक्रियाः** अनुदान रकमको भुक्तानी प्रक्रिया निम्नानुसार हुनेछ :-

(क) अनुदानग्राही तथा मन्त्रालयबीच स्वीकृत विस्तृत कार्ययोजनाका आधारमा अनुसूची-७ बमोजिम द्विपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गरिनेछ।

(ख) स्वीकृत कार्ययोजना बमोजिम तोकिएको मापदण्ड अनुसार नियमानुसार दर्ता भएकका फर्म/संस्थाबाट खरिद गरिएका सामग्रीहरु औजार, यन्त्र उपकरण, तथा पूर्वाधार विकासको अनुदान रकम उपलव्ध गराउँदा

बिल भरपाई अनुसार खरिद गरेको सुनिश्चितताको आधारमा अनुदान रकम उपलव्ध गराईनेछ।

(ग) सम्झौतामा उल्लेख गरिएको अवधि भित्र कार्ययोजनामा समावेश भएका कार्य प्रगतिको आधारमा कूल लागतको कम्तिमा पचास प्रतिशत कार्य सम्पन्न भएपछि अनुदान रकमको पचास प्रतिशत पहिलो किस्ता भूक्तानी गरिनेछ।

(घ) सम्झौतामा उल्लेख गरिएको अवधि भित्र कार्य सम्पन्न गरी सक्नु पर्नेछ। तर कावु बाहिरको परिस्थितिको कारण सम्झौता अवधि भित्र कार्यसम्पन्न गर्न नसक्ने भएमा आधार र कारण उल्लेख गरी म्याद समाप्त हुनु भन्दा सात दिन अगाडि म्याद थपको निवेदन दिनु पर्नेछ। म्याद थप सम्बन्धी अन्तिम निर्णय मन्त्रालयको हुनेछ।

(ङ) छनौटमा परेको संस्थाले भुक्तानी माग गर्दा कामको प्रगतिको आधारमा आर्थिक तथा प्राविधिक प्रतिवेदन सहित फोटो, बिल, भर्पाई, आवश्यक सिफारिस लगायतका कागजात समेत पेश गर्नु पर्नेछ।

(च) अनुदान रकम प्राप्त गरी कार्यक्रम सञ्चालन पश्चात तीन वर्षसम्मको बार्षिक कारोवारको लेखा परीक्षण प्रतिवेदन आर्थिक वर्ष सम्पन्न भएको पौष मसान्तसम्ममा यस मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(छ) अनुदान रकम जग्गा खरिद कार्यमा प्रयोग गर्न पाइने छैन।

(ज) मन्त्रालयले प्रदान गर्ने अनुदान रकम सञ्चालन तथा व्यवस्थापन लगायतका चालु खर्चमा प्रयोग गर्न पाईने छैन।

## परिच्छेद-३

## समिति सम्बन्धी व्यवस्था

८. **समितिहरुको गठन:** (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको लागि नीतिगत व्यवस्था तथा भैपरिआउने समस्या समाधान सम्बन्धमा आवश्यक निर्देशनका लागि देहाय बमोजिमको निर्देशक समिति गठन हुनेछः-

(क) मन्त्री, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -अध्यक्ष

(ख) सचिव, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय -सदस्य

(ग) प्रमुख, प्रशासन तथा सहकारी विकास महाशाखा -सदस्य सचिव

(२) निर्देशक समितिले आवश्यकता अनुसार कुनै विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई प्राप्त प्रस्तावहरुको पुनरावलोकन गरी स्वीकृतिको लागि सिफारिस गर्न देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति गठन हुनेछः-

| | | | |
|---|---|---|---|
| (क) | सचिव | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रमुख | योजना तथा अनुगमन महाशाखा | सदस्य |
| (ग) | प्रमुख | खाद्य सुरक्षा तथा कृषि व्यवसाय प्रवर्द्धन महाशाखा | सदस्य |
| (घ) | प्रमुख | पशुपन्छी विकास महाशाखा | सदस्य |
| (ङ) | प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | सदस्य सचिव |

(४) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(५) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) मूल्याङ्कन तथा सिफारिस समितिबाट मूल्याङ्कन भई पेश भएका प्रस्तावहरु उपर छलफल गरी औचित्यका आधारमा स्वीकृतिको लागि सिफारिस गर्ने,

(ख) प्रस्ताव मूल्याङ्कनका आधारहरुको विस्तृतिकरण गर्ने,

(ग) प्राप्त प्रस्तावहरु मध्ये कुनै वा सबै प्रस्तावहरु अस्पष्ट लागेको खण्डमा पुनः मूल्याङ्कन गर्नका लागि मूल्याङ्कन तथा सिफारिस समितिमा फिर्ता पठाउन सक्नेछ र आवश्यक्ता अनुसार स्थलगत प्रमाणीकरण कार्य समेत गराउन सक्नेछ।

(६) यस कार्यविधि बमोजिमको कार्यक्रम सञ्चालनको लागि कार्यक्रम प्रस्तावकर्ताबाट प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी छनौटको लागि कार्यक्रम व्यवस्थापन समिति समक्ष पेश गर्न देहाय बमोजिमको मूल्याङ्कन तथा सिफारिस समितिको गठन हुनेछ।

| | | | |
|---|---|---|---|
| (क) | प्रमुख | प्रशासन तथा सहकारी विकास महाशाखा | अध्यक्ष |

(ख) प्रमुख अनुगमन तथा मूल्यङ्कन शाखा सदस्य
(ग) प्रमुख कानून तथा फैसला कार्यान्वयन शाखा सदस्य
(घ) प्रमुख आर्थिक प्रशासन शाखा सदस्य
(ङ) प्रमुख सहकारी तथा गरिबी निवारण शाखा सदस्य सचिव

(७) कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिले आवश्यकता अनुसार कुनै विज्ञ विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(८) कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) सहकारी संस्थाहरुबाट प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन तथा विश्लेषण गरी छनौट तथा स्वीकृतिको लागि कार्यक्रम व्यवस्थापन समिति समक्ष पेश गर्ने,

(ख) अनुसूची-१ बमोजिमको मापदण्डको आधारमा प्रारम्भिक छनौट गरी अनुसूची-६ को आधारमा अन्तिम मूल्याङ्कनको लागि कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने,

(ग) मूल्याङ्कनको क्रममा आवश्यकता अनुसार स्थलगत निरीक्षण तथा अनुगमन गर्ने/ गराउने।

(घ) कार्यक्रम कार्यान्वयनमा गइसकेपछि त्यसको कार्यप्रगतिको अनुगमन तथा निरीक्षण गर्ने/गराउने।

## परिच्छेद-४

## अनुगमन र समन्वय

९. **अनुगमन :** (१) अनुदान प्राप्त संस्थाले गर्ने कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय, सहकारी प्रशिक्षालय, प्रदेश सरकारका सरोकारवाला कार्यालयले संयुक्त वा छुट्टा छुट्टै गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम भएको अनुगमन र निर्देशनको लिखित अभिलेख र प्रतिवेदन कार्यालयले सुरक्षित राख्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिएको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य रहनेछ।

१०. **समन्वय:** मन्त्रालयले कार्यक्रमलाई व्यवस्थीतरुपले सञ्चालन गर्न सरोकारवाल संघीय सरकारका निकाय, प्रदेश सरकारका निकाय र सम्वन्धित स्थानीय तहबीच समन्वय गर्नेछ।

## परिच्छेद-५

## विविध

११. **कारवाहीको व्यवस्थाः** कार्यक्रम सञ्चालन गर्दा मन्त्रालय र अन्तर्गतका निकायहरुले दिएका निर्देशन एवम् प्रचलित ऐन, नियम तथा नीतिहरुको पालना गर्नु पर्नेछ। सम्झौता बमोजिमको कार्य नभएको खण्डमा प्रचलित कानूनानुसार कारवाही हुनेछ।

१२. **अनुसूचीमा हेरफेरः** कार्यक्रम कार्यान्वयनमा सरलीण गर्न मन्त्रालयले आवश्यक ठानेमा अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१३. **प्रचार प्रसारः** मन्त्रालय तथा मातहतका निकायले कार्यक्रम सम्वन्धि जानकारि दिन सूचना तथा सञ्चार प्रविधिका साधन, श्रव्य दृश्य सामग्री तथा सामाजिक सञ्जालको प्रयोग गरी प्रचार प्रसार गर्न सक्ने छ।

१४. **बाधा अड्चन फुकाउ** (१) यस कार्यविधि कार्यान्वयनमा केही बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा सो सम्वन्धमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

१५. **खारेजी तथा बचाउ** : (१) मिति २०७६/०१/१२ मा जारी गरिएको सहकारीका माध्यमबाट नवीनतम सोंच सहितका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ खारेज गरिएको छ साथै उक्त कार्यविधि अनुसार भएका काम कारवाही यसै कार्यविधि अनुसार भएको मानिनेछ।

## अनुसूची-१

(दफा ६ को उपदफा (४) को खण्ड (क) सँग सम्बन्धित)

<u>प्रस्तावना पेश गर्दा चाहिने आवश्यक कागजात तथा प्रारम्भिक मापदण्ड</u>

(१) संस्था दर्ताको प्रमाण-पत्रको प्रतिलिपि

(२) संस्थाको स्थायी लेखा नं. प्रमाण-पत्रको प्रतिलिपि

(३) पछिल्लो तीन आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि

(४) करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि

(५) सञ्चालकहरू तथा प्रमुख व्यवस्थापकको वैयक्तिक विवरण

(६) प्रमुख व्यवस्थापकको प्रतिवद्धता-पत्र

(७) सहकारीको सञ्चालक समितिको निर्णयको प्रतिलिपि

(८) सहकारीले गर्ने कार्यक्रमको व्यावसायिक कार्ययोजना

(९) निवेदन तथा प्रस्तावना

(१०) लगानीको स्रोत खुल्ने कागजात

(११) आयोजना सञ्चालन हुने स्थानको लागि सम्बन्धित स्थानीय तहको सिफारिस

(१२) आयोजना सञ्चालनका लागि घरजग्गाको विवरण खुल्ने कागजात

(१३) सम्पर्क व्यक्तिको नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि र सम्पर्क नम्वर

(१४) प्रारम्भिक सहकारी संस्थाको हकमा तराईमा न्यूनतम ३०० र पहाडमा न्यूनतम १५० सेयर सदस्य संख्या हुनुपर्ने

## अनुसूची-२

(दफा ४ सँग सम्बन्धित)

<u>सूचनाको ढाँचा</u>

प्रथम पटक प्रकाशित मितिः.............

यस मन्त्रालयको आ.व................ वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश नं. ५ भित्रका ......................................................................... जिल्लामा रहेका सहकारी संस्थाहरुबाट नवीनतम सोंच सहितको रोजगारी तथा उत्पादन प्रस्तावमा आधारित योजना माग सहयोग कार्यक्रम सञ्चालन गर्न इच्छुक सहकारी संस्थाहरुले सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र यस मन्त्रालय वा ................ ........... ........... स्थानमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने निवेदनको ढाँचा, कार्यक्रम प्रस्तावको ढाँचा र संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण यस मन्त्रालयको वेबसाईट (molmac.p5.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

**अनुसूची-३**

(दफा ५ को खण्ड (क) सँग सम्बन्धित)

आवेदनको ढाँचा

मिति :.............................

श्रीमान् सचिवज्यू
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
प्रदेश नं. ५, बुटवल।

**विषय : योजना माग सम्बन्धमा।**

मलाई/हामीलाई सहकारीहरुबाट नविनतम सोंचसहितका रोजगारी र उत्पादन प्रस्तावमा आधारित योजना माग सहयोग कार्यक्रमअनुसार मन्त्रालयको मिति ......................... को.................................. सूचनाको आधारमा प्रस्ताव तयार गरी आवश्यक कागजातहरु यसै निवेदन साथ संलग्न गरी आवश्यक अनुदानका लागि यो निवेदन पेश गरेका छु/छौं ।

संलग्न कागजात :

१.
२.
३.

निवेदक
नाम :
पद :
ठेगाना :
मोबाइल नं. :
सहकारी संस्थाको नाम :
सहकारी संस्थाको छाप :

## अनुसूची-४

(दफा ५ को खण्ड (क) सँग सम्बन्धित)

व्यावसायिक योजनाको ढाँचा

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| आवेदक संघ/संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२.सहकारी संघ/संस्थाको किसिम : क) उत्पादनमुलक ख) उपभोक्ता ग) श्रमीक

घ) बहुउद्देश्यीय ङ) अन्य भए उल्लेख गर्ने (.........................)

३ सहकारी संघ/सस्थाको शेयर सदस्य सङ्ख्या..........................

४.प्रस्तावित आयोजनाको नाम :-

५. आयोजना सञ्चालनको लागि जग्गाको क्षेत्रफल:............................रोपनी तथा कठ्ठा

६. जग्गा भाडामा लिएको भएः ...............................वर्षको सम्झौता भएको

७. आयोजना सञ्चालानको उद्देश्य.........................................................................

८. आयोजना स्थापना/सञ्चालनको मुख्य मुख्य क्रियाकलापहरु :-

| सि.नं. | क्रियाकलाप | ईकाई | परिमाण | दर | कूल लागत | अनुदान माग | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास | | | | | | |
| १.१ | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.२ | | | | | | | |
| | | | | | | | |
| २ | औजार उपकरण | | | | | | |
| २.१ | | | | | | | |
| २.२ | | | | | | | |
| | | | | | | | |
| ३ | सञ्चालन खर्च | | | | | | |
| ३.१ | | | | | | | |
| | | | | | | | |

९. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापन गर्ने आधारः-...................... ..........................

१०. आयोजनाले पार्ने सकरात्मक प्रभावः ..................................................................

...........................................................................................................................................

१०. आयोजना सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसंख्या ..................................

११. आवेदक संघ/संस्थाको पूँजिको विवरणः

| शेयर पुंजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

१२. सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम...............................................

१३. आयोजना सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन ...............................

१४. आयोजना संचालन गर्न सक्ने आवश्यक जनशक्ति छ ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष.................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ........................

१५.प्रस्तावित आयोजना संचालन गर्ने स्थानको वातावरणीय अवस्था

| क्र.स. | विवरण | पर्छ | पर्दैन | कैफियत |
|---|---|---|---|---|
| १ | वन जङ्गल/वन्यजन्तु/अन्य प्राकृतिक स्रोतहरु | | | |
| २ | जलाशय (नदी, तलाउ, पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | वातावरणीय प्रभाव मूल्याङ्कन | | | |

१६. आयोजना सञ्चालनका जोखिमहरु के छन्? यदी भए समाधानका उपायहरु के के हुन सक्छन् ?

-
-
-

१७. आयोजना सम्बन्धी संक्षिप्त विवरण

१७.१ . आवश्यकता र औचित्य

१७.२  आयोजना सञ्चालन हुने स्थान

१७.३ . आयोजनाबाट उत्पादन हुने वस्तुको सूचि

१७.४ आयोजनाका लागि चाहिने वस्तुको उत्पादित क्षेत्र/स्थान/उत्पादक

१७.५  आयोजनाले समेट्ने क्षेत्र र लाभान्वित जनसंख्या र रोजगारी सम्बन्धि बिवरण

१७.६. संरचनाको अवस्था र नक्सा सहित

१७.७ आयोजना सँचालनमा लाग्ने अनुमानित खर्च

क. चालु खर्च

ख. पुर्बाधार बिकास खर्च

ग. यन्त्र उपकरण खरिद

१७.८ बजारीकरण योजना

(क) बजारको विकास र बजारीकरणको रणनीति

(ख) लक्षित बजार र ग्राहक

(ग) बजारका मुख्य विशेषताहरु

(घ) बजारमा उपलब्ध अवसरहरु

(ङ) बजार विकासका चुनौतीहरु

१८. लाभ लागत सम्बन्धि बिवरण: कति बर्षमा नाफामा जाने हो

१९. नविनतम कार्यक्रम हो भन्ने विषयको पुस्टाई वा आधारहरु

## अनुसूची-५

(दफा ५ को खण्ड (ङ) सँग सम्बन्धित)

प्रतिवद्धता-पत्र

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ५ को को मिति ............................... मा प्रकाशित सूचना अनुसार सहकारीका मध्यमबाट नविनतम सोंचसहितको उत्पादन र रोजगारिका कार्यक्रमका लागि अनुदानको ब्यवस्था गरिए अनुसार उक्त अनुदान प्राप्त गर्न इच्छुक भई सो कार्यक्रममा सहभागिताका लागि कार्य योजना सहितको आवेदन पेश गरेको छु/छौं । उक्त कार्यक्रममा छनौट भएमा कार्य योजनामा उल्लेख भए बमोजिम कार्य गर्ने गरी न्यूनतम १० वर्षसम्म निरन्तरता दिनेछौ ।कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि भन्दा अगावै सो कार्य बन्द गरेमा सहकारी हेर्ने विषयगत मन्त्रालयलाई अनुदान रकम फिर्ता गर्नेछौं। अन्यथा प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला। साथै प्रस्तावित कार्यहरुका लागि अन्य कुनै निकायबाट आर्थिक सहयोग प्राप्त नगरेको व्यहोरा समेत अनुरोध गर्दछौं।

सहकारीको नामः

ठेगानाः

दस्तखतः

मितिः

सहकारीको छापः

इति सम्वत् २०..............गते ....................रोज ................शुभम् ।

## अनुसूची-६

(दफा ६ को उपदफा (४) को खण्ड (ग) सँग सम्बन्धित)

<u>स्थलगत प्रमाणीकरण फारामको ढाँचा</u>

१.परिचयात्मक विवरणः

| | |
|---|---|
| आवेदक सघ संस्थाको नामः | |
| ठेगानाः | |
| संस्थाको अध्यक्षको नामः | |
| अध्यक्षको फोन नं. | |
| सम्पर्क व्यक्तिको नामः | |
| सम्पर्क व्यक्तिको फोन नं. | |
| संस्था दर्ता नं.र मितिः | |
| संस्था दर्ता भएको कार्यालयको नामः | |

२.सहकारी संघ/संस्थाको किसम : क) उत्पादनमुलक ख) उपभोक्ता ग) श्रमीक घ) हुउदेश्यीय ङ) अन्य भए उल्लेख गर्ने (.........................)

३ सहकारी संघ/सस्थाको शेयर सदस्य सङख्या..........................

४.प्रस्तावित कार्यक्रमको नाम :-

५. योजना सञ्चालनको लागि जग्गाको विवरण: .............................रोपनी तथा कठ्ठा क्षेत्रफल

६. जग्गा भाडामा लिएको भएः ...............................वर्षको सम्झौता भएको

७. आयोजना सञ्चालानको उद्धेश्य...........................................................................

८. अनुदानग्राहीको लगानीको श्रोत व्यवस्थापनगर्ने आधारः-....................................................................

.......................................................................................................................................................

.......................................................................................................................................

९. आयोजनाले पार्ने सकरात्मक प्रभावः .......................................................................

..................................................................................................................................

१०. आयोजना सञ्चालन पश्चात लाभान्वित हुने अनुमानित जनसङ्ख्या ..................................

११. आवेदक सघ/संस्थाको चल अचल पूँजिको विवरणः

| शेयर पुँजी | जगेडा कोष | अन्य कोष |
|---|---|---|
| | | |
| | | |

१२. सडक सुविधा छ वा छैन........... छ भने सडकको किसिम...............................................

१३.आयोजना सञ्चालन स्थलमा विद्युतको व्यवस्था छ वा छैन ...............................

१४. आयोजना संचालन गर्न सक्ने आवश्यक जनशक्ति छ ☐ वा छैन ☐

यदि छ भने अनुभव वर्ष.................

यदि छैन भने कसरी व्यवस्थापन गर्नु हुन्छ.......................

१५.प्रस्तावित कार्यक्रम संचालन गर्ने स्थानको वातावरणीय अवस्था

| क्र.स. | विवरण | पर्छ | पर्दैन | कैफियत |
|---|---|---|---|---|
| १ | वन जङ्गल/वन्यजन्तु/अन्य प्राकृतिक स्रोतहरु | | | |
| २ | जलाशय (नदी, तलाउ, पोखरी) | | | |
| ३ | राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र | | | |
| ४ | पानीको मुहान | | | |
| ५ | पुरातात्विक क्षेत्र/धार्मिक क्षेत्र/मन्दिर | | | |
| ६ | वातावरणीय प्रभाव मूल्याङ्कन | | | |

१६. आयोजना सञ्चालनका जोखिमहरु के छन्?

-
-
-

१७. कार्यक्रमलाई सहज बनाउन आवश्यक सुझाव ?

-

-

-

१८. प्रताव पेश गर्दा भरिएको बिवरणगरुको सम्वन्धमा

(क) दुरुस्त पाईएको

(ख) सामान्य फरक देखिएको

(ग) फारममा पेश गरेको विवरणहरु धेरै फरक परेको (तथ्यमा आधारित नभएको): यस्तो अवस्थामा स्थलगत मूल्यांकन टोलीले के के बिषयहरुमा कमि कमजोरी पाईएको हो सो कुरा खुलाउनुपर्नेछ र यस्तो प्रस्ताव मूल्याङ्कनमा समावेश हुने छैन।

१९. सिफारिस

उक्त कार्यक्रम प्रस्तावको स्तरको बारेमा निश्कर्ष:

| सि. नं. | गुणस्तर | कारण* |
|---|---|---|
| १ | अति उत्तम | |
| २ | उत्तम | |
| ३ | मध्यम | |
| ४ | सामान्य | |
| ५ | अनुदान प्रयोजनको लागि अयोग्य | |

*कार्यक्रमसंग सम्वन्धित कुनै कागजात, स्थानीय समुदायसंग भएको वार्तालापको विवरण, कार्यक्रमसंग सम्वन्धित फोटो, भिडियो क्लिप आदि समेत समावेश गर्न सकिनेछ।

स्थलगत प्रमाणीकरण गर्नेको विवरण:

नाम थरः

पदः

दस्तखतः

मितिः

नाम थरः

पदः

दस्तखतः

मितिः

## अनुसूची-७

(दफा ७ को खण्ड (क) सँग सम्बन्धित)

<u>सम्झौता-पत्रको ढाँचा</u>

श्री भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय मार्फत सञ्चालन गरिने आ.व. ............ को स्वीकृत नवीनतम सोंच सहितका रोजगारी र उत्पादन प्रस्तावमा आधारित योजना माग सहयोग कार्यक्रम संचालन गर्न ............................................ (यस भन्दा पछाडी पहिलो पक्ष भनिने) र विशिष्टताका आधारमा छनौट भएका सहकारी संस्था ............................ (यस भन्दा पछाडी दोस्रो पक्ष भनिने) बीच तपसिलका सर्तमानहरु गरी/गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता र सहमति भएको छ।

१. यो सम्झौता पत्र ....................................... (प्रथम पक्ष) र .................... ..................(दोश्रो पक्ष) बीच नविनतम सोंचसहितका रोजगारी तथा उत्पादनमा आधारित कार्यक्रम संचालन सहयोगका लागि अनुदान कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिने छ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले ....... दिन भित्र सम्पन्न गर्नु पर्नेछ।

४.कार्यक्रम सञ्चालनका लागि प्रथम पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि स्वीकृत अनुदान सम्झौता बमोजिम एकाउन्ट पेयी चेकबाट कार्यक्रम सम्पन्न भएपछि मात्र उपलब्ध गराउने छ।

५. स्वीकृत अनुदान रकम भुक्तानी दिंदा कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिको सिफारिसको आधारमा गरिनेछ। दोश्रो पक्षले कार्यक्रम संचालन गर्दा कार्यक्रम मूल्याङ्कन तथा सिफारिस समितिको निर्देशन अनुसार कार्य गर्नु पर्नेछ ।

६. सम्झौता बमोजिम रकम भुक्तानी माग गर्ने सम्बन्धमा मूल्यांकनका लागि लागत अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोश्रो पक्षले प्रथम पक्षसँग अनुरोध गर्नु पर्नेछ र प्रथम

पक्षले कार्यसम्पन्न प्रतिवेदन, फोटो, सिफारिस-पत्र तथा बिलहरु प्राप्त भएपछि सोको बारेमा मूल्याङ्कन गरी भुक्तानीको लागि आवश्यक व्यवस्था मिलाउनेछ ।

७. कार्यक्रम सुरु भए पश्चात सम्पन्न गर्ने र व्यवस्थित रुपमा संचालन गर्ने तथा स्याहार सम्भार गर्ने जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ ।

८.यस सम्झौता बमोजिम अनुदान प्राप्त गरी कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ ।

९. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध श्रोतको दुरुपयोग भएको पाईएमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सक्नेछ ।

१०. प्रथम पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ ।

११. संलग्न अनुसूची अनुसारको कृयाकलापहरुको लागि मात्र अनुदान रकम उपलव्ध हुने छ। अन्य कार्यक्रम/क्रियाकलापको सम्पुर्न खर्च प्रस्तावक आफैले व्यहोर्नुपर्ने छ। उक्त अनुसूची सम्झौताको अभिन्न अंग हुनेछ।

| | |
|---|---|
| .............................. | ................................ |
| प्रथम पक्षका तर्फबाट | दोश्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| कार्यालयको छापः | संस्थाको छापः |
| साक्षीहरुः | साक्षीहरुः |

मितिः २०.......साल....महिना......गते....रोज शुभम्

## अनुसूची-८

(दफा ६ को उपदफा (४) को खण्ड (घ) सँग सम्बन्धित)

अन्तिम छनौटको आधार

१. सहकारीको नाम:

२. ठेगाना :

३. सम्पर्क ब्यक्तिको नाम:

४. सम्पर्क नं.:

कार्यक्रम छनौटका लागि उपक्षेत्रको विषयः

| क्र.सं. | मूल्याङ्कनको आधार सूचक | पूर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | प्रस्तावित कार्यक्रमको व्यसायिक योजना | २० | | |
| २ | स्थानीय स्रोत साधनको उपयोग | १० | | |
| ३ | संस्थाको आर्थिक लगानीको सुनिश्चितता | २० | | |
| ४ | थप रोजगारी सिर्जना | १० | | |
| ५ | बजारको सुनिश्चितता | १० | | |
| ६ | मानवीय स्रोतको अवस्था | १० | | |
| ७ | भौतिक पूर्वाधार (सिचाइ, सडक, विद्युत आदिको उपलब्धता) | १० | | |
| ८ | कार्यक्रमको नवीनता | १० | | |
| | जम्मा | १०० | | |